आज मिति २०८२ मङ्सिर ९ गते मङ्गलबारको दिन दार्मा गाउँपालिका आ.व. २०८२/८३ को सातौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

<u>तपसिल</u>

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | निम बहादुर के.सी. | गाउँपालिका अध्यक्ष | |
| २ | जुना मल्ल चन्द | गाउँपालिका उपाध्यक्ष | |
| ३ | रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | टंक बहादुर वली | सदस्य | |
| ५ | सार्की खत्री | सदस्य | |
| ६ | पोखर बहादुर खत्री | सदस्य | |
| ७ | चन्द्र बहादुर रावत | सदस्य | |
| ८ | सुदिप के.सी. | सदस्य | |
| ९ | देवी खत्री | सदस्य | |
| १० | धनिराम नेपाली | सदस्य | |
| ११ | लाल बहादुर सुनार | सदस्य | |
| १२ | रुपा चन्द मल्ल | सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | रेवती कुमारी कामी | सदस्य | रेवती |
| १४ | पुष्पाञ्जली मगर | सदस्य | |
| १५ | हिरा खड्का | सदस्य | |
| १६ | लोकेन्द्र विश्वकर्मा | का.स. | |

प्रस्तावहरु

१. आयोजना प्रस्ताव सम्बन्धमा ।
२. अन्तरक्रिया कार्यक्रम र सार्वजनिक सुनुवाई सम्बन्धमा ।
३. सहिद स्मृति कप खेलकुदको तयारी सम्बन्धमा ।
४. सभामा पेश गर्ने ऐनको तयारी सम्बन्धमा।
५. स्रोत सुनिश्चितता सम्बन्धमा ।
६. बेरुजु फर्च्यौट सम्बन्धमा।
७. बिषयगत समितिको तयारी सम्बन्धम।
८. पूर्ण सरसफाइयुक्त टोल घोषणा सम्बन्धमा।
९. IT Officer को विज्ञापन सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

**निर्णय नं १**

कर्णाली प्रदेशको आयोजना प्रस्ताव यथा छनौट सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ को दफा ४ को उपदफा (१) बमोजिम अनुसूची १ बमोजिमका बमोजिमको प्राथमिकतामा रहनेगरी आयोजनाहरु छनौट गरी पठाउने ।

**निर्णय नं २**

मिति दार्मा गाउँपालिका र Gen-z तथा राजनीतिक दलहरुबिचको अन्तरक्रिया कार्यक्रम तथा कार्यालयको पहिलो चौमासिक सार्वजनिक सुनुवाइको मिति यस अगाडी नै तय भैसकेको सन्दर्भमा उक्त कार्यक्रममा हुने सहभागिता सम्बन्धमा तपसिल बमोजिम हुनेगरी व्यवस्थापन गर्ने ।

तपसिल

| सि नं | कार्यक्रम | मिति | कार्यालयबाट सहभागिता | सरोकारवालाबाट सहभागिता |
|---|---|---|---|---|
| १ | Gen-Z सँगको Virtual अन्तरक्रिया | मङ्सिर १२ गते | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ. का.पा. | स्वेच्छिक |

ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | सदस्य, शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुख, वडा अध्यक्ष,वडा सदस्य, वडा सचिव : (कार्यालय र वडाबाट Join हुने व्यवस्था मिलाउने ) | |
| २ | राजनीतिक दलसँगको अन्तरक्रिया | मङ्सिर १३ गते | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ. वडा अध्यक्ष, का.पा. सदस्य,शाखा प्रमुख, वडा सचिव | प्रत्येक दलबाट ५/५ जना |
| ३ | सार्वजनिक सुनुवाइ कार्यक्रम | मङ्सिर २३ गते | अध्यक्ष, उपाध्यक्ष, वडा नं ३ का वडा अध्यक्ष, प्र.प्र.अ लगायत शाखा प्रमुख र कर्मचारीहरु | सरोकारवाला सबै |

**निर्णय नं ३**

दार्मा गाउँपालिकाको सहिद स्मृति कप र रनिङशिल्ड प्रतियोगिता तपसिलको मिति समय र स्थानमा सञ्चालन गर्ने ।

| सि नं | खेलकुद कार्यक्रम | सञ्चालन मिति | समय र स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | सहिद स्मृति खेलकुद | फागुन ६ देखी | ज्यामिरेचौर | |
| २ | रनिङ शिल्ड प्रतियोगिता | माघ १५ देखी | जनज्योती मा.वि | |
| | | | | |

**निर्णय नं ४**

प्रमुख प्रशासकीय अधिकृत

पौष ८ गतेदेखी सञ्चालन हुने गाउँसभाको १९ औं अधिवेशनमा तपसिलका ऐनहरु निर्माण गर्नुपर्ने भएकोले ऐन मस्यौदा गर्न समितिलाई जिम्मा दिने ।

तपसिल

१. स्थानीय मदिरा ब्राण्डिङ तथा बिक्रि वितरण व्यवस्थापन ऐन

**निर्णय नं ५**

तपसिलका आयोजनामा रकम अभाव भएकोले आगामी गाउँसभाबाट बजेट सुनिश्चित हुनेगरी उपभोक्ता समिति मार्फत कामकाज अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

तपसिल

| सि.नं | आयोजनाको नाम | बजेट | हिँउदे सभाबाट सुनिश्चित हुने रकम | खरिद प्रकृया |
|---|---|---|---|---|
| १ | जनज्योती आ.वि. विद्यालय साङ्ट विद्यालय भवनको (बाँकी काम) निर्माण | १०,००,०००। | १०,००,०००। | उपभोक्ता समिति |
| २ | | | | |

**निर्णय नं ६**

महालेखा परीक्षकको बेरुजुका सम्बन्धमा भएका काम कारबाहीहरु/निर्णयहरुको सार्वजनिक लेखासमितिको प्रतिवेदन, २०८२ लाई फर्चौटको लागि गाउँसभामा पेश गर्ने ।

**निर्णय नं ७**

गाउँसभाको तयारी सम्बन्धमा

| सि नं | बैठक | क्रियाकलाप | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | वडा र सभाका समितिको वैठक | रकमान्तर तयारी | मङ्सिर १५ सम्म | |

[illegible]

...शान ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | कार्यपालिकाका समिति बैठक | प्रगति समिक्षा र रकमान्तर तयारी | मंङ्सिर २५ | |
| ३ | सभाको लेखा समिति र ऐन निर्माण समिति | ऐन कार्यविधि तथा वेरुजु फर्चौटको निर्णय गरिसक्ने | मङ्सिर मसान्त सम्म | |
| ४ | कार्यपालिका | रकमान्तर तथा प्रगति समिक्षा र वेरुजु फर्च्यौट निर्णय पास | पौष ५/६ | |
| ५ | गाउँसभा | | पौष ८ गते | |

**निर्णय नं ८**

पूर्ण सरसफाइयुक्त टोल घोषणा कार्यक्रमलाई तिव्रताका साथ अगाडी बढाउने ।

**निर्णय नं १० : विविध**

क) मिति २०८२/०८/१४ गते देखि काठमाडौँमा हुन गइरहेको 13th Korean AMBA SSADOR intel open Taekwondo championshiop-2025 दार्मा गाउँपालिकाबाट २ जना खेलाडि र १ जना प्रशिक्षकको यातायात तथा खाना खाजा खर्च वापत कोषबाट प्रति व्यक्ति रु. १० हजारको दरले एकमुष्ट रु. ३० हजार उपलब्ध गराउने ।

ख) श्री अन्धनासक आ वि रातामाटाको विद्यालय भवन निर्माण गर्दाको समयमा बर्षातको कारण बिग्रे पश्चात बाटो मर्मत गर्न पालिको डोजर प्रयोग हुँदा खरिद भएको १३७ लिटर इन्धनको रकम व्याकहोलोडर इन्धन शिर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

अध्यक्ष

ओली
प्रमुख प्रशासकीय अधिकृत